महाशिला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ४ मितिः २०८०/०४/३२

## भाग-२

## महाशिला गाउँपालिका

### उच्च मा.वि शिक्षा अध्ययन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०

**प्रस्तावना**

विशेषतः सामुदायिक विद्यालयमा गणीत विज्ञान विषयका शिक्षकको अभाव पुर्ति गर्न गाउँपालिकाका सेवा क्षेत्र भित्रका छात्र/छात्रालाइ गणीत विज्ञान विषय तथा स्टाफ नर्स अध्ययन गर्न प्रोत्साहीत गर्ने उद्देश्यले महाशिला गाँउपालिकाको आ व २०८०।८१ को बार्षिक नीति तथा कार्यक्रम समेतको कार्यान्वयन गर्न बान्छनिय देखिएकोले, महाशिला गाँउपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. सक्षिप्त नाम र प्रारम्भः** (१) कार्यविधिको नाम **उच्च मा.वि शिक्षा अध्ययन सहयोग कार्यक्रम २०८०** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ भइ लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) अध्यक्ष भन्नाले महाशिला गाँउपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) विद्यार्थी भन्नाले कक्षा ११ र १२ मा गणित,विज्ञान तथा स्टाफ नर्स अध्ययन गर्ने विद्यार्थीलाइ सम्झनु पर्छ ।

(ग) कार्यक्रम भन्नाले उच्च मा.वि शिक्षा अध्ययन सहयोग कार्यक्रमलाई सम्झनु पर्छ ।

(घ) सम्बन्धित कार्यालय भन्नाले महाशिला गाँउकार्यपालिकाको कार्यालय वा सो मातहतको शाखालाइ सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्य

**३. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ :**

(क) सामुदायिक विद्यालयको माध्यमिक,आधारभूत तह मा अध्यापन का लागि गणित र विज्ञान विषयमा दक्ष जनशक्ति उत्पादन गर्न सहयोग पुयाउनु ।

(ख) विद्यार्थीहरुलाइ उच्च तहमा गणित र विज्ञान विषय अध्ययन गर्न प्रोत्साहित गर्नु ।

(ग) स्वास्थ्य सेवामा दक्ष स्थानिय जनशक्ति उत्पादन गरि स्वास्थ्य क्षेत्रमा टेवा पुर्याउन ।

## परिच्छेद-३

उच्च मा.वि शिक्षा अध्ययन सहयोग समिति

**४. कार्यक्रमलाइ व्यबस्थित र प्रभावकारीरुपमा सञ्चालन गर्न देहाय बमोजिमको एक उच्च मा.वि शिक्षा अध्ययन सहयोग समिति रहने छ ।**

| | |
|---|---|
| (क) गाँउपालिका अध्यक्ष | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) शाखा प्रमुख, शिक्षा युवा तथा खेलकुद शाखा | सदस्य सचिव |

**५. उच्च मा.वि शिक्षा अध्ययन सहयोग समितिको काम कर्तव्य र अधिकार :**

(क) उच्च मा.वि शिक्षा अध्ययन सहयोग सम्बन्धी थप नीति निर्धारण गर्ने

(ख) कक्षा ११ र १२ मा गणित र विज्ञान विषय वा गणित/विज्ञान विषय तथा स्टाफ नर्स अध्ययन गर्ने विद्यार्थीको लगत लिने

(ग) कार्यविधि अनुसार कक्षा ११ र १२ मा गणित र विज्ञान विषय वा गणित/विज्ञान विषय आर्थिक सहायता वा छात्रवृत्ति प्रदान गर्न आवश्यक कार्य गर्ने

(घ) समितिको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुने

## परिच्छेद ४

## उच्च मा.वि शिक्षा अध्ययन सहयोग कार्यक्रम कार्यान्वयनका अन्य व्यबस्थाहरु

(६) यस गाउँपालिकाको सेवा क्षेत्र भित्र बसोवास गरि कक्षा ११ र १२ मा गणित,विज्ञान विषय तथा स्टाफनर्स अध्ययन गर्ने विद्यार्थीहरुको विवरण अध्ययन तथा विश्लेषण गरि सहयोग प्राप्त गर्ने विद्यार्थीको लगत तयार गर्ने

(७) सहयोग प्राप्त गर्ने कार्यको लागि गाउँपालिका बाट अन्यन्त्र बसाइसराइ नलगेको हुनु पर्ने ।

(८) सहयोग  प्राप्तिको लागि आर्थिक रुपले विपन्न,दलित वर्गलाइ विशेष प्राथमिकता दिने ।

(९) सहयोग प्राप्तीको लागि अध्ययनरत विद्यालयको सिफारिस पत्र तथा बसोबास रहेको सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र हुनु पर्ने

(१०) उच्च मा.वि शिक्षा अध्ययन सहयोग एक शैक्षिक सत्र वा समेष्टरको लागि ५००००। (अक्षेरुपी पचास हजार रुपैया) उपलब्ध गराइने छ ।

प्रमाणीकरण मितिः २०८०।०४।३२

**आज्ञाले,**
**हरि प्रसाद पराजुली**
**प्रमुख प्रशासकीय अधिकृत**